# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

## राष्ट्रिय समावेशी आयोग दिवस २०८२ को अवसरमा शुभकामना मन्तव्य

यस आयोगले हरेक वर्ष २० फ्रेबुअरी अर्थात विश्व सामाजिक न्याय दिवसको दिन राष्ट्रिय समावेशी आयोग दिवस मनाउँदै आएकोमा यस वर्ष पाँचौ राष्ट्रिय समावेशी आयोग दिवस मनाउन गइरहेको छ। आज आयोग दिवसको अवसरमा आयोगका लक्षित वर्ग, समुदाय र सामाजिक न्याय तथा समावेशीकरणका क्षेत्रमा क्रियाशिल व्यक्ति, संघ संस्था तथा सरोकारवाला सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानको मूल मर्म वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्नु रहेको छ। सोही सन्दर्भमा संविधानको धारा २५९ ले निर्दिष्ट गरेको कार्यक्षेत्रभित्र रही राष्ट्रिय समावेशी आयोगले खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायत समुदायको हक अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ।

आयोगले आर्थिक वर्ष २०८१/८२ मा श्रमिक, राज्य संरचनामा किसानको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिहरू, अल्पसंख्यक जातजातिहरू, उच्च शिक्षामा समावेशीकरण, पिछडिएको क्षेत्र पहिचान र ज्येष्ठ नागरिक लगायतका विषयमा ३३ वटा बुँदामा विषयमा नेपाल सरकारलाई सिफारिश गरेको छ। कृषि र ज्येष्ठ नागरिक सम्वन्धी विषयमा नेपाल सरकारलाई सुझाव प्रेषित गर्नुका साथै आधारभूत तह (कक्षा १-८) को सामाजिक विषयको पाठ्यक्रममा समावेशिताको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदनका सुझावहरू कार्यान्वयनको लागि पाठ्यक्रम विकास केन्द्रमा पठाएको छ। लक्षित वर्गसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्नुका साथै प्रदेश तथा स्थानीय तहमा समावेशीकरणको कार्यान्वयन अवस्था सम्बन्धमा अन्तरक्रिया र लक्षित वर्गका हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

नागरिकलाई सम्मान र प्रतिष्ठापूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्नको लागि सामाजिक न्याय कायम गर्न समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नु राज्यको जिम्मेवारी हो। नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौं योजना र समावेशीकरण तथा सामाजिक न्याय सम्बन्धी सरकारले लिएको नीतिगत व्यवस्थाको प्रभावकारीरुपमा कार्यान्वयनमा केन्द्रित हुन सरकारी, गैरसरकारी तथा निजी संघ संस्था लगायत आयोगसँग सम्बन्धित लक्षित वर्ग तथा सरोकारवाला सम्पूर्णमा हार्दिक आव्हान गर्दै आयोगको तर्फबाट पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरिदत्त जोशी
कार्यवाहक अध्यक्ष